# कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र (CCMC)निर्देशक समितिको १०औ बैंठकका निर्णय

मितिः२०७७।५।१८ गते बिहिवार

१ प्रमुख जिल्ला अधिकारीबाट विभिन्न जिल्लामा जारी रहेको निषेध आदेशको समयमा विशेषतः ठूला शहरी क्षेत्रमा खाद्य लगायतका अति आबश्यक सामग्रीको आपूर्ति व्यवस्थालाई सहज बनाउन सम्वन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले अनलाइन सेवा प्रवाहको प्रवन्ध गराउदा प्रयोग गर्नुपर्ने स्वास्थ्य सुरक्षा सामग्री (Mask, Face shield visor, Hand Glove) सम्वन्धित सेवा प्रवाह कम्पनीले प्रबन्ध गर्ने, परिचय पत्र एवं Dress code प्रयोग गर्ने, सेवाको गुणस्तर, मूल्य एवम प्राप्तिको सहजताको सुनिश्चितता सेवा प्रदायक स्वयमले गर्ने, निषेध आदेशको समयमा सम्वन्धित सुरक्षा निकायहरुलाई आवागमन एवम आपूर्ति लगायतको सूचना नियमित रुपमा दिएर मात्र सेवा प्रवाह क्षेत्रमा प्रवेश गर्न कम्तिमा २ मिटरको भौतिक दूरी अनिवार्य रुपमा कायम गरी सामान डेलिभरी गर्ने र अनलाईन भुक्तानी लगायतका आवश्यक अन्य आधारभूत सुरक्षाका प्रावधानहरु सहितको अनलाईन डेलिभरी निर्देशिका तयार गरी सो सम्बन्धी आदेश कार्यान्वयनमा ल्याई आपूर्ति व्यवस्थालाई सहज बनाउने।सोको अनुगमन एवं रिपोर्टिङ्गको प्रबन्ध गराउने ।

२ कोभिड-१९ प्रकोपको नियन्त्रण, रोकथाम तथा उपचार कार्यलाई प्रभावकारी बनाउन सम्बन्धित विभिन्न सरोकारवाला निकायहरुको सहकार्यमा एकिकृत सूचना व्यवस्थापन केन्द्र (Integrated Data Center) संचालन गरीसूचना व्यवस्थापन गर्ने। क्वारेन्टाईन, आईसोलेसन, PCR परीक्षण, सक्रिय संक्रमित केशहरु (ICU, Ventilator, सामान्य लक्षण भएका र सामान्य), आईसोलेसन सेन्टरको विवरण, होम आईसोलेसनको विवरण तथा मृत्यु सम्बन्धी विवरणलाई व्यवस्थापन गर्न CCMCको Website बाट तयार गरी ccmc.gov.np मा राखिएको COVID-19 District Information Management System लाई DCCMC ले दैनिक रुपमा अद्यावधिक गर्ने ।

३ नेपाल एम्बुलेन्स सर्भिस (१०२) ले हाल सेवा प्रवाहमा प्रयोग गरिरहेको एम्बुलेन्सका अलावा संक्रमित व्यक्तिको संख्यालाई मध्यनजर गरी एम्बुलेन्सको अभाव हुन नदिन हाललाई २ वटा र आवश्यकतानुसार थप एम्बुलेन्सको व्यवस्था स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिलाउने । नेपाल एम्बुलेन्स सर्भिसको माग अनुरुप २०७७ साउन १ गतेबाट कोभिड-१९ को प्रयोजनमा खर्च भएको एम्बुलेन्सको ईन्धनको खर्च कोरोना रोकथाम, नियन्त्रण तथा उपचार कोषबाट व्यहोर्ने र सोको व्यवस्थापन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिलाउने।

४ काठमाडौं उपत्यका लगायत शहरी क्षेत्रमा कोभिड-१९ को कारण मृत्यु भएका व्यक्तिको शव व्यवस्थापन कार्यको लागि Dedicated उपयुक्त (मापदण्ड अनुरुप) शव वाहनको व्यवस्था काठमाडौं उपत्यकाको हकमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले र अन्य जिल्लका हकमा सम्बन्धित प्रदेश

नेपाल सरकार संकट व्यवस्थापन संचालन केन्द्र (CCMC) निर्देशक समिति

सामाजिक विकास मन्त्रालयले मिलाउने । कोभिड-१९ Dedicated शव वाहन सम्वन्धित नेपाली सेनाको मातहत Stand by रहने व्यवस्था मिलाउने। सो को लागि आवश्यक पर्ने इन्धन कोरोना रोकथाम, नियन्त्रण तथा उपचार कोष मार्फत व्यवस्थापन गर्ने।

५ नेपाल भेन्टिलेटर सर्भिसको प्रस्ताव बमोजिम भेन्टिलेटर बैंकबाट उपलब्ध गराई प्रयोगमा ल्याइएको भेन्टिलेटर सेवालाई आवश्यकतानुसार कोभिड-१९ को संक्रमणको उपचारमा प्रयोगमा ल्याउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आवश्यक संयोजन गर्ने व्यवस्था मिलाउने।

६ प्रहरी निरीक्षक आधारभूत तालिम १-१८० औं समूहको दोश्रो तथा अन्तिम परीक्षा, नेपाल नर्सिङ काउन्सिल तथा नेपाल फार्मेसी काउन्सिलको लाइसेन्स परीक्षा सञ्चालन गर्दा एउटा कोठामा २५ जना मात्र रहने र स्वास्थ्य मापदण्ड पूर्ण पालना गरी संचालन गर्ने गरी अनुमति दिने सम्बन्धमा नेपाल सरकार मं. प. मा पेश गर्ने।

७ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद्को अनुरोध बमोजिम कोभिड-१९ महामारीको समयमा विभिन्न देशबाट स्वदेश फर्केका नेपाली बालबालिकाको अवस्था सम्वन्धी अनुगमन गर्ने प्रयोजनकालागि गर्भवती महिला, अभिभावकसँगै स्वदेश फर्किएका बालबालिकाको उमेर समूह अनुसारको तथ्याङ्क CCMC को समन्वयमा इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (EDCD) टेकु मार्फत राष्ट्रिय बाल अधिकार परिषद्लाई उपलब्ध गराउने ।

८ नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय अनुसार तेश्रो मुलुकबाट भई रहेका नियमित र चार्टर उडानमा एयरलाईन्सहरुले तोकिएको मापदण्ड बमोजिम उडान नगरेको कारण विभिन्न कठिनाई भएको हुँदा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले कडाईका साथ अनुगमन गरी प्रभावकारी रुपमा निर्णय कार्यान्वयन गराउन आवश्यक प्रबन्ध गर्ने । RT-PCR–ve प्रमाणपत्र सहित सम्बन्धित कम्पनीको खर्चमा नेपाल फर्काउन सम्बन्धित कुटनीतिक नियोग मार्फत अनुरोध भएमा त्यस्ता उडानलाई प्राथमिकतामा राखी उडान अनुमति दिने व्यवस्था मिलाउने। सम्बन्धित कुटनैतिक नियोगको सिफारिशका आधारमा विदेशी लगानीमा सञ्चालित उद्योगका लगानीकर्ता, उच्च प्राविधिक (पाइलट, इञ्जिनियर आदि) हरुलाई निर्धारित स्वास्थ्य मापदण्ड पालना हुने गरी नियमित उडानबाट नेपाल आउन अनुमति दिने।

नेपाल सरकार
कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र (CCMC)
निर्देशक समिति

मा. ईश्वर पोखरेल
उपप्रधानमन्त्री तथा रक्षामन्त्री